# कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६

गाउँपालिका वाट स्वीकृत भएको मिति : २०७६।०८।१९

## छथर जोरपाटी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जोरपाटी धनकुटा, १ नं. प्रदेश, नेपाल

# कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६

**प्रस्तावनाः**
नेपालमा यूवा जनशक्तिहरु हाल दिनानुदिन वेरोजगारको कारण विदेसिनु पर्ने वाध्यत्मक अवस्थाको श्रीजना वनिरहेको छ भने खेति योग्य जमिन खाली तथा वाझो झाडी बुट्यान भई अनुत्पादक भूमिको रुपमा परिणत हुदै गई रहेको छ । यस प्रकारको विकराल अवस्थाको अन्त्य गर्न, कृषिको व्यवसायीकरण गर्दै, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बिच आपसी सम्बन्ध सुदृढ गर्न, कृषि करारको माध्यम बाट खेरा गईरहेको उत्पादनशिल खाली तथा वाझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाउन र बजारीकरण द्वारा व्यवसायिक रुपमा समग्र कृषि क्षेत्रको विकासका लागि आवश्यक कानूनी तथा नितिगत व्यवस्था गरी भूमिको परिचालन गर्न छथरजोरपाटी गाउँपालिका अन्तरगत रहेको खालीखाल्सा, सरकारी तथा निजि वाझो भूमिको प्रभाबकारी र पारदर्शी रुपमा उपयोग, लिजमा हस्तातरण, संचालन गर्न कृषि प्रवर्द्धन कोष प्रवर्द्धन ऐन, २०७५ र प्रशासकीय निर्देशिका नियमित गर्ने ऐन, २०७४ को उपदफा ३ को अधिकार प्रयोग गरी छथरजोरपाटी गाउँपालिका स्तरीय **"कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६"** जारी गरीएको छ ।

## परिच्छेद-१
प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**
क) यो निर्देशिका को नाम **"कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६"** रहेकोछ ।
ख) यो निर्देशिका छथर जोरपाटी गाउपालिका बाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,
१ "स्थानिय तह" भन्नाले छथर जोरपाटी गाउँपालिका सम्झनु पर्नेछ ।
२ "कृषि प्रवर्द्धन कोष समिति" भन्नाले कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन गर्न छथरजोरपाटी गाउँपालिका स्तरीय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन ऐन, २०७५ वमोजिम गठित समितिलाई सम्झनु पर्नेछ ।
३ "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादनगर्ने कृषि/पशु फार्म वा कम्पनी वा उत्पादक सहकारी संस्थाहरु वा कृषक लाई सम्झनु पर्नेछ ।
४ "उप समिति" भन्नाले यसै निर्देशिका द्धारा गठीत स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समिति लाई सम्झनु पर्नेछ ।
५ "निर्देशिका" भन्नाले "कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६" लाई सम्झनु पर्नेछ ।
६ "साझेदार" भन्नाले कुनै उद्देश्य अनुसारका कार्यक्रम संचालनका लागी तोकीएका शर्तहरु पालन गर्ने गरी साझेदार गर्न तयार व्यवसायीक कृषक, फार्म संचालक, व्यावसायीक उत्पादक सहकारी संस्थाहरु वा समुहहरुलाई सम्झनु पर्दछ ।
७ "व्यवसायिक करार" भन्नाले व्यवसायिक खेती, पशुपालन, कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद विक्री, सञ्चय वा बजारीकरण गर्न वा कृषि प्रवर्द्धन कोष प्रबर्द्धन गर्न उन्नत घास खेती गर्न वा दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक करारनामालाई वुझाउदछ । यस शब्दले व्यवसायिक खेतीपाती, पशुपालन, मत्स्यपालन, घास खेती आदि प्रयोजनको लागि वाझो निजि (व्यक्तिगत) वा सरकारी ओईलनी (पर्ती) जग्गा, गुठी, विद्यालय, खोला वा नदी कटान, खोला बगर वा उर्वर भूमी संस्थागत वा व्याक्तिगत रुपमा लिजमा (करारमा) लिन दिन वा कृषि तथा पशुजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादनवा आपुर्ति गर्न, दुई वा दुई भन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य, अवधि र गुणस्तरको आधारमा भएको करारनामा सम्झौतालाई समेत जनाउँदछ ।
८ "हाट-बजार" भन्नाले कृषि उपज तथा पशुजन्य पदार्थ लगायत अन्य स्थानीय उत्पादनविक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्दछ ।
९ "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्दछ ।
१० "कृषि व्यवसाय" भन्नाले "कृषि प्रवर्द्धन कोष प्रवर्द्धन ऐन,२०७५"ले निर्दिष्ठ गरेको व्यवसायलाई सम्झनु पर्दछ
११ "कोष" भन्नाले "कृषि प्रवर्द्धन कोष प्रवर्द्धन ऐन,२०७५" द्धारा स्थापित कृषि प्रवर्द्धन कोष प्रवर्द्धन कोषलाई सम्झनु पर्दछ ।

१२ "कृषक" भन्नाले कृषिजन्य वा पशुजन्य वस्तु उत्पादनप्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक खेती वा पशुपालन गर्ने कृषक, कृषक समूह सदस्यहरु, कृषि व्यवसायी, कृषि फार्म संचालक र कृषि सहकारी सदस्यहरुलाई समेत सम्झनु पर्दछ ।

१३ "सरकारी पर्ती जग्गा" भन्नाले मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख २) वमोजिमको जमिनलाई सम्झनु पर्दछ ।

१४ "करार" भन्नाले भाडा रकम तोकी वा नतोकी अनुसूची-१ वमोजीम कुनै सरकारी वा नीजि जग्गा उपलब्ध गराउने कार्य सम्झनु पर्दछ ।

१५ "करार कर्ता" भन्नाले सरकारी वा नीजी जग्गा लिजमा वा भाडामा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायलाई सम्झनु पर्नेछ ।

१६ "श्रोतभर्ना सापटी" भन्नाले उल्लेखित व्यवसायीक करार पस्चात कार्यविधिमा उल्लेखित शर्तहरु पुरा गर्ने उद्देश्यमा तोकिएको अवधि पस्चात फिर्ता गर्ने गरि व्यवसाय संचालनका लागी उपलब्ध गरिने सापटी रकमलाई सम्झनु पर्दछ ।

**३. उदेश्यहरु :**

३.१. एक वडा एक उत्पादन नमुना कृषि प्रवर्द्धन कोष गर्ने ।

३.२. खाली खाल्सा वाझो तथा खेति लगाउन छाडेका सम्पूर्ण जमिनमा खेति लगाई उत्पादकत्व बृद्दि गरी छथरजोरपाटी गाउँपालिकालाई खाद्यन्नमा आत्मनिर्भर वनाउने ।

३.३. कृषि क्षेत्रको ब्यावसायिकरण गर्न करारनामा सम्झौतामा भूमीको व्यवस्थापन तथा रोजगारीको सृजना गर्ने

३.४. अन्यत्र वाट आयत हुने कृषिजन्य वस्तुको न्यूनीकरण गरी स्थनीयतहलाई थपवलियो वनाउने ।

३.५. कृषि क्षेत्रलाई ब्यावस्थित, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन कार्यन्वयन गर्ने ।

३.६. गरिव न्यून आय भएको र भूमीहिन कृषकहरु लाई कृषिमा संलग्न गराई उनिहरुको आयाआर्जन वढाउने ।

## परिच्छेद-२

करारनामा, कोष संचालन, उत्पादन सम्वन्धि व्यवस्था

**४. लिज/करार गरि जग्गा उपलब्ध गर्न सकिने :**

१ सरकारी खाली पर्ती वा निजि जग्गाको क्षेत्रफल चारकिल्ला सिमा निर्धारण पस्चात गाउँपालिकाको आर्थिक ऐनमा तोकिए वमोजीम जग्गाको मुल्याङकनको आधारमा अनुसूची - १ मा उल्लेखित प्रयोजन र न्यूनतम् लिज रकम तिरी लिज वा करारमा उपलब्ध गराउन सक्नेछ ।

२ स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समिति तथा कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समितिको सिफारिसमा गाउँपालिकाको वैठक वाट निजि वाझो भए जग्गा धनि संग गाउँपालिकाले करारमा लिएर वा नेपाल सरकारको नाममा दर्ता कायम रहेको भए दफा ५ वमोजीम अवधि निर्धाण गरी अन्य कृषि व्यवसायी संग करार गर्न सक्नेछ ।

**५. लिज/करार को प्रकार, अवधि देहाय वमोजिम हुने:**

१ अल्पकालिन करार ५ वर्ष

२ मध्यकालिन करार १० वर्ष

३ दीर्घकालिन करार २० वर्ष

**६. कृषि प्रवर्द्धन कोष संचालन/प्रवर्द्धन कोषको व्यवस्था :**

१ कृषि प्रवर्द्धन कोष प्रवर्द्धन ऐन, २०७५ले व्यवस्था गरे अनुसार कृषि प्रवर्द्धन कोष प्रवर्द्धन गर्न गाउँपालिका स्तरिय कोष गठन गरि आवस्यक रकम विनियोजन गरिनेछ ।

२ दफा-६ (१) मा गठीत कोषको रकम खाली खाल्सा, वाझो (पर्ती) तथा खेति लगाउन छाडेका निजि वा सार्वजानीक जमिनमा सम्भाव्यता अध्ययान, प्रतिवेदन साना तथा नमुना कृषि उत्पादन, मत्स्य, पशु जन्य उत्पादन, प्रसोधन, प्याकेजीङ्ग, भण्डारण, कृषि लागत स्थलको निमार्ण, औजार उपकरण अनुदान, कृषि व्यवसायमा, रोग महामारी प्रकोप, असिना खडेरी, भूक्षय, अन्य प्राकृतिक विपत वा उत्पादित वस्तुको लागत विक्रि नभई नासिएर जाने स्थीती सृजना भए स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समितिको प्राविधिक मुल्याङकन सिफारिसमा अनुसूची-२ अनुसारको उत्पादन लागत मुल्यमा क्षतिपूर्ति दिईनेछ ।

३ दफा-६ (२) ले व्यवस्था गरे वाहेकका क्षेत्रमा यस कोषको रकम खर्च गरिने छैन । चालु आ.व.मा कार्य सम्पादन हुन संम्भव नभए आगमी आ.व.मा उक्त कोषको रकम उदेश्य अनुसार खर्च गरिनेछ ।

**७. कार्यकममा सहभागी हुन पाउने साझेदार संस्थाहरु :**

१ कृषक, व्यवसायीक निजी फार्म, कम्पनीहरु ।

२ पशुपालक वा मत्स्य व्यवसायीक कृषक समुह, समितिहरु ।

३ मत्स्य, घाँस वालि उत्पादक समुह वा सहकारी संघ संस्थाहरु ।

४ गाउँपालिका अन्तरगतका सम्वन्धीतविषयगत शाखाहरु ।

**८. सापटी रकम वा लागानीको उपयोग तथा संचालन गर्न सक्ने क्षेत्रहरु :**

१ खाली खाल्सा वाझो (पर्ती) तथा खेति लगाउन छाडेका निजि वा सार्वजानीक जमिनमा खेति, मत्स्य पालन, घास खेती वा अन्य सम्भाव्यता अनुसार कार्य गर्न सक्ने ।

२ कृषि जन्य, मत्स्य, पशुजन्य उत्पादन, प्रसोधन प्याकेजीङ्ग, भण्डारण, कृषि लागत स्थलको निमार्ण कार्यहरु ।

३ दुग्धजन्य प्रसोधन केन्द्र, UNMB व्लक निमार्ण, चियाकफी प्रसोधन केन्द्र, अन्य खाद्य वस्तुको प्रसोधन ।

४ यो कार्यक्रम छथरजोरपाटी गाउँपालिका भित्र मात्र लागु गरिनेछ ।

**परिच्छेद-३**

नमुना तथा साना कृषि प्रवर्द्धन कोष संचालन, जिम्मेवारी, शर्त तथा वन्देज सम्वन्धि व्यवस्था

**९. कार्यक्रम संचालन/कार्यन्वयन प्रकृया :**

१ गाउँपालिकाको स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम परिधि भित्र रहेर गाउँपालिका भित्रका खाली खाल्सा वाझो तथा खेति लगाउन छाडेका निजि वा सार्वजानीक जमिन खोजविन गर्न, व्यवसाय करार गर्न, थोक, खुद्रा वा हाट लागत स्थल निमार्णका लागि सिफारिस गर्न, साझेदारीमा संचालित आयोजनालाई कृषि श्रोत भर्ना सापटी सिफारिस गर्न **स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समिति** देहाय वमोजिम हुनेछ ।

(क) उपाध्यक्ष – संयोजक
(ख) आर्थिक विकाश समिति संयोजक सदस्य – सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) गाउँ पालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख – सदस्य
(ङ) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना – सदस्य
(च) गाउँपालिकाको कृषि र पशु शाखा प्रमुख – सदस्य
(छ) सम्वन्धीतवडाका वडा अध्यक्ष – सदस्य
(ज) गाउँपालिकाको कृषि/पशु शाखा प्रमुख (जेष्ठ) – सदस्य सचिव

उप समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ, अमिन वा अन्य आवस्यक व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२ गाउँपालिकाको सिमा भित्र रहेका खाली खाल्सा वाझो तथा खेति लगाउन छाडेका निजि वा सार्वजानीक सरकारी जमिन स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समितिले खोजविन गरि उत्पादन कार्यमा सहभागी गराउन दफा-७, अनुसारका व्यवसायीहरुलाई कार्यक्रममा सहभागी हुन अनुसुची-३ वमोजिमको २१ दिने सूचना प्रकाशन, अनुसूची-४ वमोजिमको प्रस्ताव आवेदन, अनुसूची-५ वमोजिमको संक्षिप्त व्यवसायीक कार्ययोजना तथा आर्थिक प्रस्ताव, अनुसूची-६ वमोजिमको प्रतिवद्धता पत्र दरखास्त दिनु पर्नेछ । सूचना अनुसारका अन्य आवस्यक कागजातहरु राखी निर्धारित समय भित्र सम्वन्धीतशाखामा आवेदन दर्ता गराउनु पर्नेछ । निर्धारित समय भित्र सम्वन्धीतशाखामा आवस्यक संख्यामा आवेदन दर्ता हुन नआएमा सम्वन्धीतशाखाले ७ दिने पुनः सूचना प्रकाशन गर्न सक्नेछ ।

३ दफा ९.२ वमोजिम दफा ७ मा उल्लेखित व्यवसायीहरु वाट संचालन गरिने साना कृषि प्रवर्द्धन कोष न्यूनतम १ हे., नमुना कृषि प्रवर्द्धन कोष १० हे. वा सो भन्दा वडी क्षेत्रफलमा उपयुक्त एक वडा एक नमुना वा सो भन्दा वडी आयोजनाहरु संचालन गर्न सक्नेछ । तर विषयगत शाखाले कुनै पनि आयोजना संचालन गर्न सक्नेछ ।

४ पशुपालन व्यवसाय संचालन गर्न तपसिल वमोजिम संख्यामा पशु पालन गर्नु पर्नेछ ।

| पशुको वर्गिकरण | साना व्यवसाय | नमुना व्यवसाय | कैफियत |
|---|---|---|---|
| क) गाई/भैसी | उत्पादन दिने ५ माउ भन्दा वडी | उत्पादन दिने २५ माउ भन्दा वडी | |
| ख) वाखा/भेडा | उत्पादन दिने ५० माउ भन्दा वडी | उत्पादन दिने १०० माउ भन्दा वडी | |
| ग) वंगुर | उत्पादन दिने ५ माउ भन्दा वडी | उत्पादन दिने २० माउ भन्दा वडी | |
| घ) मासुका लागी पाडा/पाडी | उत्पादन दिने २५ पाडा भन्दा वडी | उत्पादन दिने ५० पाडा भन्दा वडी | |
| ङ) मासुको लागी वोका, खसि | उत्पादन दिने ४० गोटा भन्दा वडी | उत्पादन दिने १०० गोटा भन्दा वडी | |
| च) मासुको लागी वंगुर | उत्पादन दिने २५ गोटा भन्दा वडी | उत्पादन दिने ५० गोटा भन्दा वडी | |
| छ) लोकल कुखुरा | उत्पादन दिने ३०० माउ/भाले भन्दा वडी | उत्पादन दिने ५०० माउ/भाले भन्दा वडी | |
| ज) माछा पालन | ५०८ वर्ग फिट ३ फिट गहिराई भएको पोखरीमा पालिएका सिफारीस जातहरु | २५४० वर्ग फिट ३ फिट गहिराई भएको पोखरीमा पालिएका सिफारीस जातहरु | |

५ कुनै पनि आवेदन रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही हुने छैन तर दुई प्रस्तावहरु समान अंक भएमा आवेदन दर्ता गर्दा पहिलो भएको प्रस्तावलाई छनौट गरिनेछ ।

६ प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, पहिलो Screening, स्थलगत प्रमाणीकरण (Field Verification) फारम अनुसूची-७, अनुगमन निरीक्षणको समयमा भरि अनुसूची-८ वमोजिमको मुल्याङ्कन फारम साथ प्रस्तावकहरुको प्राथमिकिकरण (प्राप्ताङ्कको आधारमा) निर्धारण सहित यर्थाथ विवरण तयार गरि स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समितिले अन्तिम स्वीकृतका लागी स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समितिमा पेश गरिनेछ ।

७ स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समितिको स्वीकृत पस्चात (मुख्य र वैकल्पीक) प्रस्तापकको नाम ठेगाना सहित सम्झौताका लागी सम्वन्धीत वडा कार्यालयहरु वा स्थानिय संचारका साधानहरु वाट ७ दिने सूचना प्रकाशन गरि जानाकारी गराई अनुसूची-९ वमोजीमको सेवा शर्त रहने गरी द्विपक्षी सम्झौता गरिनेछ ।

८ नतिजा प्रकासित मितिले ७ दिन भित्र मुख्य प्रस्तावक संग सम्झौंता नभए वैकल्पीक प्रस्तापक संग द्विपक्षी सम्झौता गरिनेछ ।

**१०. कार्यक्रम संचालन तथा कार्यान्वयन सम्वन्धि जिम्मेवारी र दायित्व :**

१ दफा ९(३) वमोजीम स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समितिले नमुना खेति कार्यक्रम संचालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कृषि मजदुर कामदारहरुको प्रयोग गरिनेछ । जसको पारिश्रमीक प्रधानमन्त्री रोजगार कोषले तोके वमोजिम हुनेछ ।

२ निजि व्यवसायी वाट प्रस्ताव माग गरी सूचना प्रकाशन, प्रस्तावहरुको कागजातहरु छानविन गरी Screening गर्ने, स्थलगत प्रमाणीकरण, फिल्ड अनुगमन निरीक्षण, कार्य सम्पन्न प्रतिवेदन तयारी, भुक्तानी सम्वन्धि जिम्मेवारी र दायित्व सम्वन्धि अख्तियार प्राप्त शाखाको हुनेछ ।

३ सम्झौता मुताविकको कार्यहरु निर्धारीत समय सिमा भित्र गुणस्तरीय रुपमा सम्पादन गर्ने दायित्व सम्वन्धीतकरार साझेदारको हुनेछ ।

४ कार्यक्रम संचालनका वखत विषय विशेषज्ञको आवस्यक परेमा सम्वन्धीतशाखा संग समन्वय गरी अन्यनिकायहरु वाट साझेदारले ल्याउन सक्नेछ । साथै सम्झौता पस्चात प्रगती प्रतिवेदन सम्वन्धीतशाखामा वुझाउनु पर्नेछ ।

**११. श्रोत भर्ना सापटी रकमको सधुपयोग, संचालनका शर्त तथा वन्देजहरु :**

१ नमुना कृषि प्रवर्द्धन कोष संचालन वा निमार्ण गर्न निर्दिष्ठ स्थलको निजि भए लिज/भाडा वा करारमा ओईलनी पर्ती वा खालिखाल्सा क्षेत्र भए साधसिमाना पुर्ण स्थायीरुपमा विवाद रहित स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समितिले व्यवस्थापना गरिनेछ ।

२ प्रस्तावकले सम्झौता करार अनुसारको कार्य सम्पादन गरे नगरेको सम्वन्धि तोकिएका प्रतिनिधि वा विषयगत प्राविधिकहरु वाट अनुगमन सुपरिवेक्षण गरि प्रत्येक चौमासिकमा समिक्षा गरिने छ सम्झौता करार अनुसारका कार्य सम्पादन नगरिए स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समिति द्धारा जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ ।

३ कार्यक्रम संचालनका लागी प्राप्त क्षेत्रफललाई आधार मानी उत्पादन गर्ने वालि वा उत्पादनका किसिम वा संचालन गरिने कार्यक्रम, उद्योग व्यवसायको प्राविधिक स्टिमेट वा उत्पादन लागत मुल्य विषयगत शाखाले निर्धारण गरि सूचना प्रकाशन गर्नेछ ।

४ साना वा नमुना कृषि प्रवर्द्धन कोष कार्यक्रम संचालन गर्न सम्झौता भए पस्चात अनुसूची-१० वमोजिमको लिज/करार सम्झौताको प्रमाण पत्र व्यवसायीलाई उपलव्ध गराईनेछ ।

५ साझेदार पक्षले जैविक सुरक्षाको मापदण्ड, प्राविधिक लेआउ मापदण्ड अनुरुपको तयारी व्यवसाय निर्माण पस्चात सम्वन्धीतस्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समितिको अनुगमन सम्पन्न भए पछि श्रोत भर्ना सापटी उपलव्ध गराईनेछ ।

६ दफा ११ (३) अनुसार नमुना कृषि प्रवर्द्धन कोष संचालन गर्न सम्झौता पस्चात अनुसूची-११ वमोजिमको दर अनुरुपको श्रोतभर्ना सापटी रकम साझेदार व्यवसायीको वैक खातामा उपलव्ध गराईनेछ ।

७ श्रोतभर्ना सापटी रकम लिदा अनुसूची-१२ अनुसारको तमसुक, व्याक्ती भए परिवार, समुह सहकारी भए अध्यक्ष वाहेक ३ जना जमानत रहनु पर्नेछ । तोकिएको भाखा भित्र किस्ता नवुझाएमा वार्षिक १२% का दरले हर्जना थप सहित सरकारी वाकी सरह असुलउपर गरिनेछ । यसका साथै गाउँपालिका अन्तरगत वडा कार्यालयहरुवाट प्रदान गरिने विभिन्न सिफारीस लगायत सेवा सुविधामा प्रतिवन्ध गरिनेछ ।

८ प्राविधिक मापदण्ड पुरागरी सम्झौता अनुसारका कार्यक्रम निमार्ण सम्पन्न गरिएको योजना भएमा अन्य कार्यक्रममा सहभागी हुन वन्देज गरिने छैन ।

**परिच्छेद-४**

कृषि प्रवर्द्धन कोष कार्यक्रम सम्वन्धि अन्य व्यवस्था

**१२. आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखा, लेखाकंन, लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यबिधि ऐन, २०५५ आर्थिक कार्यबिधि नियमावली २०६४, सार्बजनिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

**१३. अनुगमन, मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि ब्यावस्था :**

यस कार्यक्रमको अनुगमन पालिका स्तरिय अनुगमन समिति, स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन उप समितिले अनुसूची-१३ वमोजीमको मुल्याङकन फारम भरी गर्नेछ । साथै संघिय सरकार, विषयगत मन्त्रालय, प्रदेश सरकारले गर्न सक्नेछ र सो को मासिक, चौमासिक, वार्षिक प्रगती, प्रतिबेदन सम्बन्धित निकायहरुमा पठाउनु पर्नेछ ।

**१४. कार्वाहिको व्यवस्था :**

प्रस्ताव स्वीकृत भएका समुह सदस्यहरुले आवेदन (परियोजना) र सम्झौता अनुसारको कार्यक्रम सम्पन्न नगरी प्राप्त श्रोतभर्ना सापटी रकमलाई दूरुपयोग गरेको पाइएमा शर्तवमोजिम वा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

**१५. प्रचलित कानुन लागु हुने :**

*स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समिति* द्वारा संचालित कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही वमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै निर्देशिका वमोजिम कार्यान्वयन हुनेछ ।

**१६. खारेजी तथा वचाउ :**

क) छथरजोरपाटी गाउँपालिका *स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन समिति* द्वारा कार्यक्रम संचालन गर्नका लागी **"कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६"** जारी गरीएको छ ।

ख) विगत आ.व. वाट यस सम्वन्धि संचालन भई आएका सवै कार्यक्रमहरु यसै वमोजिम भए गरेको मानिनेछ।

**१७. निर्देशिका संशोधन तथा परिमार्जन गर्न सक्ने :**

१७.१. यो कार्यबिधिको कार्यान्वयनलाई थप ब्यावस्थित र प्रभाकारी बनाउन गाउँपालिकाले आबश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन तथा खारेज गर्न सक्नेछ ।

१७.२. यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी गाउँपालिकाको वैठकले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

**अनुसूची-१**

दफा ४.१ संग सम्वन्धित

| सि.नं. | लिज/करारमा उपलव्ध गराउने प्रयोजन | न्यूनतम वार्षिक लिज रकम |
|---|---|---|
| १ | कृषि पशुपालन व्यवसाय | |
| | क) फलफुल, तरकारी खेती, अन्नवाली, दलहन, तेलहन खेती | ०.२५% |
| | ख) ईन्धन उत्पादनवनस्पती (जस्तै जेट्रोप) खेती | ०.२५% |
| | ग) पशुपंन्छि माछा तथा अन्य जलचर मौरी पालन व्यवसाय र कृषि तथा पशुजन्य उत्पादन,प्रसोधन | ०.२५% |
| | घ) कपडा तथा कागज उत्पादन गर्ने कच्चा पदार्थ सम्वन्धि खेती, घास खेती | ०.२५% |
| | ङ) औषधि, मसला वा नगदेवाली सम्वन्धि खेती | ०.२५% |
| | च) अम्लीसो अलैची दालचिनि, चिया, कफी, तेजपत्ता, लोकता, रवर, जडीवुटी, पुष्प खेती आदि | ०.२५% |
| | छ) अर्गानिक मल उत्पादन प्रसोधन | ०.२५% |
| | ज) सहकारी तथा करार खेती कृषि तथा पशु वधशाला संचालन | ०.२५% |
| | झ) कृषि पशुपालन तथा मत्स्य सम्वन्धि अनुसन्धान केन्द्र | ०.२५% |
| २ | धार्मिक सामाजिक (सेवामूलक उद्देश्यले स्थापना हुने वृद्धाश्रम वालगृह शिशु स्याहार केन्द्र अनाथालय महिला तथा वालवालिका आश्रम केन्द्र पुनः स्थापना केन्द्र, योग, व्यायम खेलकुद आदि) कार्य | ०.२५% |
| ३ | सेवा सामुदायिक व्यवसाय | |
| | क) आयुर्वेद केन्द्र | ०.२५% |
| | ख) योग व्यायाम खेलकूद वृद्धाश्रम, वालगृह शिशुस्याहार केन्द्र | ०.५% |
| | ग) महाविद्यालय, विश्वविद्यालय तालिम केन्द्र, प्रतिष्ठान आदि | ०.५% |
| | घ) सवै किसिम र तहका संस्थागत विद्यालय | ०.५% |
| | ङ) निजी मेडिकल कलेज नर्सिङ होम स्वास्थ्य अनुसन्धान केन्द्र पोलिक्लिनिक | १.०% |
| | च) सामुदायिक अस्पताल र सामुदायिक विद्यालय | ०.५% |
| | छ) सामुदायिक संघ सस्थाको लागी भवन निमार्ण कार्य | १.०% |
| ४ | उद्योग आर्थिक तथा औद्योगिक क्षेत्र व्यापारिक तथा पर्यटन उद्योग व्यवसाय | |
| | क) उद्योग | ०.५% |
| | ख) आर्थिक तथा औद्योगिक क्षेत्र | ०.२५% |
| | ग) पार्क औद्योगिक पार्क तथा औद्योगिक प्रदशनी स्थल | ०.२५% |
| | घ) मनोरञ्जन स्थल | ०.५% |
| | ङ) रिसोर्ट वा पर्यटन व्यवसाय | १.०% |
| | च) व्यापारिक मल | १.५% |
| ५ | विदेशी कुटनीतिक नियोग तथा संयुक्त राष्ट्रसंघका निकायहरु लगायत नेपाल पक्ष रहेका अन्तर सरकारी संगठनको कार्यालय | १.०% |
| ६ | राष्ट्रिय जीवनमा महत्वपूर्ण योगदान पुचाएका व्याक्तिका नाममा स्थापना भएका (कुनै पनि किसिमका नाफामूलक कारोवार नगर्ने) प्रतिष्ठीत समिति | ०.५% |
| ७ | स्थानीय तहको भवन,पूर्वधार निमार्ण विकास सम्वन्धी कार्य | ०.०% |
| ८ | पूर्वधार निमार्ण संग सम्वन्धीतकार्य (खानेपानी, विद्युत संचार टावर आदि) | ०.२५% |
| ९ | यस अनुसूचीमा नपरेका अन्य विषयहरुको हकमा | ०.५% |
| | | |

**अनुसूची-२**

दफा ६.२ संग सम्वन्धीत (क्षतिपुर्ति)

| क्र.सं. | विवरण | क्षति प्रतिशत | क्षतिपुर्ति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क) तरकारी वाली (वन्दा, काउली, मोटर, रायो साग वा अन्य) | २५- ५०% | १०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ख) तरकारी वाली (वन्दा, काउली, मोटर, रायो साग वा अन्य) | ५०- ७५% | २०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ग) तरकारी वाली (वन्दा, काउली, मोटर, रायो साग वा अन्य) | ७५- १००% | ३०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| २ | क) खाद्यन्न वाली (धान,मकै गहु कोदो फापर आदि) | २५- ५०% | १०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ख) खाद्यन्न वाली (धान,मकै,गहु कोदो फापर आदि) | ५०- ७५% | २०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ग) खाद्यन्न वाली (धान,मकै,गहु कोदो फापर आदि) | ७५- १००% | ३०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| ३ | क) नगदे वाली (अदुवा, लसुन, प्याज, चिया, कफी, अलैची, अकवरे, चुकन्दर) | २५- ५०% | १०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ख) नगदे वाली (अदुवा, लसुन, प्याज, चिया, कफी, अलैची,अकवरे, चुकन्दर) | ५०- ७५% | २०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ग) नगदे वाली (अदुवा, लसुन, प्याज, चिया, कफी,अलैची,अकवरे, चुकन्दर) | ७५- १००% | ३०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| ४ | क) तेलहन वाली (तोरी, सुर्यमूखी, वदाम) | २५- ५०% | १०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ख) तेलहन वाली (तोरी,सुर्यमूखी) | ५०- ७५% | २०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ग) तेलहन वाली (तोरी,सुर्यमूखी) | ७५- १००% | ३०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| ५ | क) दलहन वाली (भट्टमास, राजमा, मास, वोडी, घ्यू सिमि,केराउ) | २५- ५०% | १०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ख) दलहन वाली (भट्टमास, राजमा, मास, वोडी, घ्यू सिमि,केराउ) | ५०- ७५% | २०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | ग) दलहन वाली (भट्टमास, राजमा, मास, वोडी, घ्यू सिमि,केराउ) | ७५- १००% | ३०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| ६ | पशुपालन | | | |
| | दुहुना गाई | ७५- ९५% | २०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | दुहुना भैसी | ७५- ९५% | २०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | पाडा पाडी वोका खसि भेडा थुमा | ७५- ९५% | २०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | दुहुना गाई | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | दुहुना भैसी | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | पाडा पाडी वोका खसि भेडा थुमा | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | वाख्रा माउ | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | वंगुर माउ | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | वंगुर विर, खसि पारेको भाले | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| | कुखुरा लोकल (भाले, पोथी) | १००% | ३०% (लागत मुल्यमा) | कृषि विमा गर्नु पर्नेछ |
| ७ | माछा पालन | २५- ५०% | १०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | माछा पालन | ५०- ७५% | २०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | माछा पालन | ७५- १००% | ३०% (लागत मुल्यमा ) | कृषि विमा गर्नु पर्नेछ |
| | | | | |

**अनुसूची-३**

.........................कार्यालय

स्थानिय कृषि प्रवर्द्धन कोष कार्यक्रमको प्रस्ताव आव्हान सुचनाको ढाँचा

प्रथम पटक प्रकासित मिति : ......................

यस कार्यालयको आ.व. ......... को वार्षिक स्वीकृत साना तथा नमुना कृषि प्रवर्द्धन कोष कार्यक्रमको माध्यमवाट स्वरोजगार तथा कृषि व्यवसायलाई थप प्रोत्साहन सहित खालि खाल्स तथा वाझो जमिनको सधुपयोग गर्न तथा वेरोजगार युवा जनशक्तीलाई स्वरोजगार सृजना गर्ने, कृषि जन्य पदार्थको आयतलाई न्यूनिकरण गरी उत्पादनमा आत्मनिर्भर भई राष्ट्रिय अर्थतन्त्रलाई थप वलियो वनाउने उद्देश्यका साथ व्लक .... (वा स्थानको नाम) चारकिल्ला पुर्व...... पस्चिम....... क्षेत्र फल ......... मा ............................................... कार्य सम्पमदन गर्न ईच्छुक छथर जोरपाटी गाउँपालिका भित्र स्थाई वसोवास गर्ने वेरोजगार, अर्ध वेरोजगार युवाहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक युवा साझेदारी कृषक तथा फार्महरुले सम्वन्धीत कोष वाट विगत बर्षहरुमा सहयोग नलिएका आवेदकहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१औं दिनको १२.०० वजेभित्र तोकीएको ढाँचा अनुसारको आवेदन फारम सम्वन्धीत शाखामा राजस्व वापत रु. ३००। को रसिद काटी दरखास्त पेश गर्नु पर्नेछ । म्याद नाघी वा रितनपुचाई दर्ता गरिएका प्रस्तावहरु माथि कुनै कार्यावाही गरिने छैन । प्राप्त प्रस्तावहरुको "कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६" मा उल्लेख भएको मुल्याङ्कनका आधारहरुमा मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक पद्धति द्धारा सम्वन्धीत कृषक, फार्म, समुह, सहकारीहरुलाई कृषि प्रवर्द्धन कोष संचालन स्वीकृत वजेट परिधि भित्र रही श्रोत भर्ना सापटी रकम उपलव्ध गराईने व्यहोरा जानाकारी गराइन्छ। पुनस्चः कार्यविधिमा उल्लेख भए मुताविकको आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्नुहुन समेत यसै सूचना द्धारा सुचित गरीन्छ ।

तपसिल :

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
२. अनूसूची-४ अनुसारको प्रस्ताव आवेदन ।
३. अनूसूची-५ संक्षिप्त व्यवसायीक कार्ययोजना ।
४. अनुसूची-६ वमोजिमको प्रतिवद्धता ।
५. अन्य प्रमाणित प्रमाण पत्रहरु (व्यवसाय दर्ता वा फार्म दर्ता, स्थायी लेखा नं. प्रमाण पत्र, कर चुक्ता, सम्वन्धीत विषयको तालिम, शैक्षिक योग्यता, आदि) का प्रतिलिपीहरु ।

<u>**अनुसूची-४**</u>

प्रस्ताव आवेदनको ढाँचा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
छथरजोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

मार्फत,

श्रीशाखा प्रमुख ज्यू,
................ शाखा
छथरजोरपाटी गाउँपालिकाको कार्यालय, धनकुटा ।

विषय : स्थानिय कृषि प्रवर्द्धन कोष कार्यक्रम (................................ ) मा सहभागी हुन पाउँ ।

महोदय,

उपरोक्त सम्वन्धमा यस गाउँपालिका को मिति ........... ...... गतेको ..................... दैनिकमा प्रकाशित सूचना अनुसार मलाई उक्त कार्यक्रममा सहभागी भई ............. वर्षका लागी लिज/करार/नीजि जग्गामा ........ ........ ........ ...... .... कार्यक्रम संचालन गर्ने ईच्छा भएको हुदा निम्न कागजात राखी निवेदन गर्दछु । मैले कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गरेमा निर्धारित प्रकृया वा सम्झौतामा उल्लेख भए वमोजीम सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य सम्पादन गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ सम्लग्न राखी यो निवेदन पेश गर्दछु ।

<u>**तपशिलः**</u>

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
२. अनुसूची-२ अनुसारको प्रस्ताव आवेदन ।
३. अनुसूची-३ संक्षिप्त व्यवसायीक कार्ययोजना ।
४. अनुसूची -४ वमोजिमको प्रतिवद्धता ।
५. अन्य प्रमाणित प्रमाण पत्रहरु (व्यवसाय दर्ता वा फार्म दर्ता, स्थायी लेखा नं.को प्रमाण पत्र, कर चुक्ता (स्थानिय तहको समेत) सम्वन्धीत विषयको तालिम, शैक्षिक योग्यता, आदि) का प्रतिलिपीहरु ।

**निबेदक**

दस्तखत :
नाम :
पद :
फार्म/संस्थाको नाम :
ठेगाना :
मिति :
संस्थाको छाप :

**अनुसूची-५**

संक्षिप्त व्यवसायीक कार्ययोजना तथा आर्थिक प्रस्ताव ढाँचा ।

१. व्यावसायको परिचय :

(क) साझेदार व्यवसायिक फार्म संस्थाको नाम :

(ख) संचालकको नाम थर : संम्पर्क मो.नं.

(ग) ठेगाना : स्थाईलेखा नं.

(घ) करार/लिज वा निजि फार्मको विवरण खुलाउने :

(ङ) शैक्षिक योज्ञता : च) व्यवसाय संग मेल खाने तालिम/अनुभवको विवरण :

(छ) व्यवसायको संभाव्यता/उपयुक्तताको विवरण :

(ज) उत्पादित वस्तुको खपत हुने नजिकको वजारको नाम :

(झ) स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन कार्यक्रम संचालन गर्ने स्थान र क्षेत्रफलको विवरण :

अन्य सामाग्रीहरुको विवरण तपसिल वमोजीम :

| क. सं. | आवस्यक सामाग्रीहरुको विवरण | संख्या | आवस्यक परिमाण | अनुमानित लागत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | अन्य……… | | | | |

(ञ) आर्थिक प्रस्ताव :

| क्र. सं. | संचालन गरिने क्रियाकलाप | संख्या | अनुदान सहयोग | नीजि लगानी | जम्मा लगानी | अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| | कुल उत्पादन | | | | | |

(ट) उत्पादन अनुमान तथा वार्षिक प्रतिफल :

| क्र. सं. | विवरण | ईकाइ | परिमाण | विक्रिदर रु. | कुल आया रु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | अन्य | | | | |
| | कुल | | | | |

(ठ) अन्य नयाँ केही कार्य गर्ने भए उल्लेख गर्ने : ............................ .............................. .....................

दस्तखत :

नाम : फार्मको छाप :

पद : मिति :

फार्मको नाम :

**<u>अनुसूची-६</u>**

प्रतिवद्धता-पत्र

श्री छथरजोरपाटी गाउँपालिका ............... शाखाको मिति २०७.......... गते प्रकाशित सूचना अनुसार श्री ............... .............................. छथरजोरपाटी गा.पा. वडा नं......... का तर्फ वाट संचालक श्री ........ ..... .........ले करार/लिजमा वा सम्झौता अनुसार .................... ......................... कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लागानी रु. ........................ को ................प्रतिशतले हुन आउने रु .................... ....... (अक्षरेपी ........................... ..... ... ............ ............... रुपैया मात्र) वरावरीको लगात साझेदारीमा वा आफ्नो पूर्ण लागानी आन्तरीक श्रोतवाट वेहोर्ने गरी कार्यक्रम सम्पादन गर्ने प्रतिवद्धता जाहेर गर्दछु/छौं।

इति सम्वत् २०७....साल ......., .....गते रोज ...... शुभम्।

| दायाँ | वायाँ |
|---|---|
| | |

<u>निवेदकको</u>

नाम : .................

पद : कृषक/संचालक

दस्तखत :

मिति : २० । ।

संस्थाको छाप :

**अनुसूची-७**

स्थलगत प्रमाणीकरण (Field Verification) फारम

१. फार्म/संस्थाको नाम : ........................................................ ......................................

२. फार्म संचालकको नाम : ................................................. .........................................

३. ठेगाना : ........................................................................... .......................................

४. कृषि प्रवर्द्धन कोष सम्वन्धि विवरण :

कृषि प्रवर्द्धन कोष वाट रु ................. वार्षिक उत्पादन................... के.जी./मे.टन

यस कार्यक्रम उत्पादनरु ................ वार्षिक उत्पादन ................. के.जी./मे.टन

पालिआएको पशुपंन्छिको संख्या ....... ................... ....................... ..............

गरिआएको कृषि प्रवर्द्धन कोष क्षेत्रफल ......... ...................... .......................

पालिआएको गाई भैसीको संख्या .................. ........................ ....................

५. व्यवसाय संभाव्यता/उपयुक्तता :

क) पानीको श्रोत :

ख) आफ्नै जग्गाको अवस्था/क्षेत्रफल :

ग) माटोको अवस्था :

घ) वाडी पहिरोले सभ्किलै क्षतिपुचाउन सक्ने अवस्था :

ङ) कार्यक्रम संचालन गर्दा अन्य समुदायलाई पर्न जाने असर/विरोध :

च) नजिकको लागत :

६. व्यवसाय संग मेल खाने तालिमः क) ....................................... ...................................

ख) .................................... .....................................

७. संस्थागत वा नीजि फार्म :

क) दर्ता, नविकरण, करचुक्ता, लेखा प्रतिवेदन : ............................ ...............................

ख) उत्पादित वस्तुको सहजै वजारिकरण हुन सक्ने अवस्था : ..........................................

८. वातावरणिय क्षति तथा पार्न सक्ने असर : ..................................................................

९. जैविक तथा पर्यावरणीय सुरक्षाको अवस्था/प्रयोग विधि : ............................. .....................

.............................. .................................... ................................... ..........................

१०. प्रस्तावित कार्ययोजना वारे स्थलगत टोलीको राया : ............................ ............................

.............................. ................................ ................................ ................................

संचालकको दस्तखत :
फार्मको छाप :
मिति :

स्थलगत अनुगमन कर्ताको सहि :
नाम, पद :
कार्यालयको छाप :
मिति :

**अनुसूची-८**

प्रस्ताव मुल्यांकनका आधार तथा मुल्याङ्कन फारम

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | उपयुक्त प्रस्तावित कार्य योजना (२५) | गरिव न्यून आय भएका भूमिहीन कृषक (१०) | व्यवसाय संग मेल खाने तालिम (२०) | ....पालन गरिरहेको पशुपंन्छि र गरि आएको खेतीपातीको अवस्था (१५) | प्रस्तावक ले लगानी जुटाउन सक्ने अवस्था (१०) | छिमेकी तथा समुदायमा पर्न जाने असर (१०) | जैविक तथा पर्चावरणीय सुरक्षा विधि (१०) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |

मुल्यांकन समितिका संयोजक :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

मुल्यांकन समितिका सदस्य :
नाम थर :
पद :
दस्तखत :
मिति :

१. विषयगत तालिम :
- क) ७ दिने १८ अंक
- ख) १५ दिन १९ अंक
- ग) ३० दिने वा सो भन्दा माथि २० अंक

**अनुसूची-९**

द्धिपक्षी सम्झौता पत्रको नमुना

छथर जोरपाटी गाउँपालिकाको कार्यालय धनकुटा मार्फत संचालन गरिने चालु आ.व २०७ /७ को स्वीकृत स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन अनुदान कार्यक्रम/करार वा लिजमा संचालन गर्न .............. शाखा (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र विशिष्टताको आधारमा छनौट भएका व्यवसायी श्री/सुश्री/श्रीमती ................ ....... ...... ...... ...... ...... ... ... .......... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) वीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती भएको छ ।

**तपशिल**

१. छनौंटमा परेका प्रस्तापकले कार्ययोजन अनुसार स्थानिय कृषि प्रवर्द्धन कोष प्रवर्द्धन कार्यक्रम कम्तिमा .......... रोपनी (...... वर्ग मिटर) क्षेत्रफल भएको जग्गामा ............................................. गर्नु पर्नेछ ।

२. स्थानिय कृषि प्रवर्द्धन कोष कार्यक्रम निमार्ण संचालनमा दोश्रो पक्षले अनुदान वाहेक कार्ययोजनामा प्रस्ताव पेश गरे वमोजीम ........ प्रतिशत नीजि लगानी गर्नु पर्नेछ ।

३. अनुदान द्धारा संचालित आयोजनाहरु कार्ययोजन अनुसार कार्यसम्पन्न पस्चात १ वा २ किस्तामा वा एकै किस्तामा प्रोपईटरको वैक खातामा जम्मा हुने गरी ड्राफ्ट, चेक वा कार्य विधि अनुसार सामाग्री अनुदान उपलव्ध गराईनेछ ।

४. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक जानाकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारका कार्यक्रमहरु व्यवसायीक रुपले संचालन गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा सामाजिक, वातावरणीय मैत्री, भौगोलीक अवस्था नविग्रने गरी जैविक सुरक्षाका विधिहरुलाई उपयोग गर्ने गरी संचालन गर्नु पर्नेछ ।

६. दोश्रो पक्षले आफ्नो व्यवसाय संचालित स्थानमा देखीने गरी उत्पादनसहितको वोर्ड राख्नु पर्नेछ । संचालित कार्यक्रमको पहिलो पक्षले नियमित रुपमा अनुगमन निरिक्षण गर्नेछ ।

७. यस सम्झैतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपतमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

८. अनुदान प्राप्त गर्ने समुह, सहकारी, फार्म संचालकले कम्तीमा ....... वर्ष सम्म आफ्नो व्यवसायलाई निरन्तरता दिनु पर्नेछ ।

९. तोकिएको भाखा भित्र किस्ता नवुझाएमा वार्षिक १२% का दरले हर्जना र गाउँपालिका अन्तरगत वडा कार्यालयहरु वाट प्रदान गरिने विभिन्न सिफारीस लगायत सेवा सुविधामा प्रतिवन्ध लगाउन दोश्रो पक्ष मन्जुर छ ।

१०. निर्देशिकामा उल्लेख भए अनुसारका मासिक, चौमासीक, वार्षिक लगायत प्रगति विवरण दोश्रो पक्षले पहिलो पक्षलाई अनिवार्य नियमित वुझाउनु पर्नेछ ।

११. यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नेपाल कानुन वमोजीम हुने छ ।

**पहिलो पक्ष**

गाउँपालिका/............. शाखाको तर्फ वाट सहि गर्ने
नाम :
पद:
दस्तखत :
मिति :
फोन नं.
कार्यालयको छाप :

**दोश्रो पक्ष**

युवा उद्यमी/संस्थाको तर्फ वाट सहि गर्ने
नाम :
पद :
दस्तखत :
मिति :
सम्पर्क मो. नं.
संस्थाको छाप :

औठाको छाप :

**अनुसूची-१०**

लिज/करार सम्झौता पस्चात दिईने प्रमाण पत्रको नमुना

# छथरजोरपाटी गाउँपालिका

## गाउँपालिकाको कार्यालय

जोरपाटी, धनकुटा

## लिज/करार सम्झौताको प्रमाण-पत्र

श्री ...............................

......................................

दर्ता नं. प्यान/भ्याट नं.

स्थानिय कृषि प्रवर्द्धन कोष उप समिति तथा कृषि प्रवर्द्धन कोष समितिको मिति .................... .... को सिफारिस तथा छथरजोरपाटी गाउँपालिकाको मिति .................... निर्णय अनुसार नेपाल सरकारको नाममा दर्ता कायम रहेको यसै गाउँपालिका भित्र पर्ने देहाय अनुसारको उद्देश्य, शर्त, वन्देजहरु पलन गर्ने गरि लिज/करारमा प्रयोग गर्न दिने निर्णय भएकोले यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१. लिज/करारमा उपलव्ध गराईएको जग्गाको विवरण

जिल्ला : .......................... छथरजोरपाटी गाउँपालिका वडा नं. ...............

| सि.न. | प्रमाण पत्र संकेत | कित्ता नं. | नक्सा/ सिट नं. | क्षेत्र फल | रोपनी हेक्टर वर्ग मिटर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| कुल जम्मा | | | | | | |

२. लिजको किसिम : अल्पकालिन /मध्यमकालिन/दिर्घकालिन

३. लिज पुर्ण समाप्त हुने मिति :

४. पालन गर्नु पर्ने शर्त तथा वन्देजहरु :

क.

ख.

ग.

घ.

| प्रमाण पत्र लिनेको: | प्रमाण पत्र दिने अधिकारीको: |
|---|---|
| सही : | सही : |
| नाम थर: | नाम थर: |
| पद : | पद : |
| संस्थाको नाम : | कार्यालयको नाम : |
| मिति : | मिति : |
| छाप : | छाप : |

**अनुसूची-११**

श्रोतभर्ना सापटी रकम दर रेट

| क्र.सं. | खेतीको किसिम | सापटी रकम प्रतिशत | अवधि | सापटी फिर्ता तालिका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो किस्ता | दोश्रो किस्ता | अन्तिम किस्ता | |
| १ | खाद्यन्न वाली, तरकारी तथा मसला वाली, दलहन तथा तेलहन वाली | लागत मुल्यको ५०% | १ वर्ष | - | - | पहिलो वर्ष को अन्त्यमा १००% | |
| २ | फलफूल, चियाकफी, जडिवुटी | लागत मुल्यको ५०% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| ३ | घासे वाली | लागत मुल्यको ५०% | १ वर्ष | - | - | पहिलो वर्ष को अन्त्यमा १००% | |
| ४ | दुग्ध जन्य उत्पादन ( छुर्पि, पनिर, ललिपप, घ्यू , खुवा आदि) | लागत मुल्यको ५०% | १ वर्ष | - | - | पहिलो वर्ष को अन्त्यमा १००% | |
| ५ | पशुपालन | | | | | | |
| | गाई/भैसी | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | वाखा/भेडा | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | वंगुर/सुगुर | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | कुखुरा (लोकल) | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | माछापालन | लागत मुल्यको ३५% | २ वर्ष | - | दोश्रो वर्ष १००% | - | |
| ६ | मासु उत्पादन | | | | | | |
| | पाडा/पाडी पालन | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | खसि/वोका पालन | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | वंगुर पालन | लागत मुल्यको ३५% | ५ वर्ष | तेश्रो वर्ष २०% | चौथो वर्ष ३०% | पाचौ वर्ष ५०% | |
| | | | | | | | |

**अनुसूची-१२**

दफा ११(७) संग सम्वन्धीत

सापटी लिदा गर्ने तमसुक

लिखितम् जिल्ला धनकुटा छथरजोरपाटी गाँउपालिका वडा नं. ... वस्ने ............ ............ ........... नाति/नातीनी ............. ................ ............. छोरा/छोरी/पति/पत्नी वर्ष ....... का श्री ................ ................ ....... ले छथरजोरपाटी गाउँपालिका कृषि प्रवर्द्धन कोष मार्फत श्रोतभर्ना सापटी रकम ................. ................ .............. उद्देश्यका निमित्त अल्पकालिन/मध्यकालिन/दिर्घकालिन अवधिमा श्रोतभर्ना गर्ने गरी रु. .......................... (अक्षरेपी ...... ............. ........................) वैक मार्फत सम्झौतामा उल्लेख भए अनुसार कार्यसम्पादन गर्नका लागी दाँया किनारमा उल्लेखित साक्षिहरुको रोहभरमा कार्यालय वाट वुझिलिएको ठिक साचो हो सम्झौतामा उल्लेखित शर्त भित्र सापटी रकम फिर्ता गर्न सकिन भने मेरो चलअचल सम्पती वाट कृषि प्रवर्द्धन कोष संचालन निर्देशिका, २०७६ मा उल्लेख भए वमोजिम वा नेपालको प्रचलित ऐन कानुन वमोजिम असुल उपर गरि लिएमा मेरो मन्जुर छ। दाँया किनार साक्षि सदर ........ ....... ..... ..।

इति सम्वत् २०......  साल ........... महिना..........गते ............. रोज........... शुभम् ।

साक्षि :

१. ...... जिल्ला ........ गा.पा./न.पा. वडा नं. ......वस्ने ना.नं...... वर्ष .... को श्री .....................
२. ...... जिल्ला ........ गा.पा./न.पा. वडा नं. ......वस्ने ना.नं...... वर्ष .... को श्री .....................
३. ...... जिल्ला ........ गा.पा./न.पा. वडा नं. ......वस्ने ना.नं...... वर्ष .... को श्री .....................

**अनुसूची-१३**

अनुगमन मुल्याङकन फारम

| क्र.सं. | सूचकहरु | अवस्था | | | कुल पूर्णाङ्क ५०० | कैफियत |
|---|---|---|---|---|---|---|
| | | समान्य ४०% | मध्यम ८०% | उत्तम १००% | | |
| १ | उद्देश्य अनुरुप लगानी गरेको | | | | | |
| २ | कार्ययोजना अनुसार समय भित्र कार्य सम्पादन गरेको | | | | | |
| ३ | श्रोत भर्ना सापटी रकमको सधुपयोग | | | | | |
| ४ | उत्पादन | | | | | |
| ५ | लागत सम्मको पहुच | | | | | |
| | कुल प्राप्ताङ्गक | | | | | |

आज्ञाले,

प्रमाणिकरण गर्ने

....................

श्री केशव प्रसाद अर्याल

प्रमुख प्रशासकीय अधिकृत

छथर जोरपाटी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जोरपाटी, धनकुटा, १ नं. प्रदेश, नेपाल

मिति : २०७६।०८।१९।